**नेपाल उद्योग वाणिज्य महासंघ**
**४३ औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस सम्बन्धी**
**अत्यन्त जरुरी सूचना**

नेपाल उद्योग वाणिज्य महासंघको ४३ औं वार्षिक साधारण सभा यही २०६५ साल चैत्र २८ र २९ गते (अप्रिल १० र ११, २००९) का दिन काठमाडौंमा आयोजना गर्ने तथा यस पटक देखि "उद्योग वाािणिज्य दिवस" समेत साधारण सभा संगै गर्ने सम्बन्धी सूचना र मुख्य कार्यक्रम आवश्यक कागजात सहित हुलाक/कुरियरबाट सम्पूर्ण सदस्य संघ/संस्थाहरुलाई पठाई सकिएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट हायात रिजेन्सी, बौद्ध, काठमाडौंमा समुद्घाटन हुने उक्त समारोहमा निम्न जानकारी सहित आवश्यक व्यवस्थाको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसील**

१. त्रिचालीसौं वार्षिक साधारण सभा एवं "उद्योग वाणिज्य दिवस" को समुद्घाटन चैत्र २८ गते शुक्रबार दिउंसो ४:०० बजे हुने छ ।

२. उक्त सभामा भाग लिने प्रतिनिधिमण्डलको नियुक्तिका लागि भर्नुपर्ने प्रतिनिधिपत्र साधारण सभा शुरु हुनु अगावै महासंघमा आई पुग्नु पर्नेछ ।

३. सभामा भाग लिनु हुने सदस्य संघ/संस्थाका मुख्य प्रतिनिधि/प्रतिनिधिहरुको रजिष्ट्रेशन चैत्र २८ गते दिउंसो २:०० बजेदेखि हायात रिजेन्सी, काठमाडौंमा शुरु हुनेछ ।

४. सभामा भाग लिन प्रत्येक जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ र वस्तुगत संघबाट मुख्य प्रतिनिधि समेत २ (दुई) जनासम्म तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यबाट १/१ (एक/एक) जना प्रतिनिधि पठाउन सकिनेछ ।

५. कार्यक्रम संचालन स्थान (Space) को अभावका कारण सदस्य संघ/संस्थाहरुबाट यो वर्ष पर्यवेक्षकको व्यवस्था गरिएको छैन ।

६. त्रीचालीसौं वार्षिक साधारण सभा शुरु हुनु अगावै आ.व. २०६५/६६ को महासंघको वार्षिक सदस्यता शुल्क तिरी सकेका सदस्य संघ/संस्थाहरुको मुख्य प्रतिनिधि तथा प्रतिनिधिहरुले मात्र उक्त सभामा भाग लिन सकिने छ ।

FNCCI

**महानिर्देशक**
**नेपाल उद्योग वाणिज्य महासंघ**
**पोष्ट बक्स नं. २६९**
**फोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९**
**टेकू, काठमाडौं ।**